कृषि तथा वन विज्ञान विश्वविद्यालय
परीक्षा नियन्त्रण कार्यालय
रामपुर, चितवन

च.नं.......................२०७८/०७९

मिति:२०७८।०७।१५

## मौका परीक्षाको परीक्षा आवेदन फाराम भर्ने सम्बन्धी सूचना ।

कृषि तथा वन विज्ञान विश्वविद्यालय, वन विज्ञान संकाय अन्तर्गतका शैक्षिक सत्र २०७५/०७६ (आंगिक र सम्बन्धन प्राप्त कलेजहरुमा) र शैक्षिक सत्र २०७४/०७५ र शैक्षिक सत्र २०७३/०७४ मा संचालित **B.Sc. Forestry** मा अध्ययनरत विद्यार्थीहरुको तपसिलका सेमेष्टरहरुको मौका परीक्षामा सम्मिलित हुन २०७८ साल **कार्तिक १६** गते देखि **मंसिर ०३** गते सम्म नियमित शुल्क र २०७८ साल **मंसिर ०५** गते देखि **मंसिर ०७** गते सम्म विलम्व शुल्कमा परीक्षा आवेदन फाराम भरी कार्यालय समय भित्र सम्बन्धित संकाय/कलेजमा बुझाउनु हुन यो सूचना प्रकाशित गरिएको छ । परीक्षा आवेदन फाराम सम्बन्धित संकाय/कलेजवाट प्राप्त हुने व्यहोरा जानकारी गराइन्छ ।

तपसिल:

| सि.नं. | शैक्षिक सत्र | सेमेष्टर |
|---|---|---|
| १. | २०७५/०७६ | दोस्रो |
| २. | २०७४/०७५ | चौथो |
| ३. | २०७३/०७४ | छैठौं |

शर्तहरु :

१. परीक्षा आवेदन फाराममा उल्लेखित विवरणहरु सबै भरिएको हुनु पर्नेछ । आवेदन फाराममा परीक्षार्थीहरुको हालसालै खिचेको अनुहार र दुवै कान प्रष्ट देखिने पासपोर्ट साइजको फोटो २ (दुई) प्रति टांसिएको हुनु पर्नेछ ।

२. मौका परीक्षामा सम्मिलित हुनको लागि परीक्षा शुल्क रु. ८५०।- र परीक्षा आवेदन फाराम शुल्क रु.१०० का दरले र सम्बन्धन प्रात्त कलेजको हकमा रु. २०००।- का दरले बुझाउनु पर्नेछ । तोकिएको अवधिमा फाराम नभरेमा निम्न वमोजिम विलम्व शुल्क लाग्नेछ ।

| | |
|---|---|
| २०७८ साल मंसिर ०५ गते | रु.३००।- |
| २०७८ साल मंसिर ०६ गते | रु.५००।- |
| २०७८ साल मंसिर ०७ गते | रु.११००।- |

३. मौका परीक्षाको परीक्षा शुल्क र परीक्षा आवेदन फाराम शुल्क तोकिएको समयमा बुझाई परीक्षा आवेदन फाराम भरिसकेका तर तोकिएको म्याद भित्र उक्त फाराम नबुझाएमा रु. ११००।- विलम्व शुल्क बुझाए पछि मात्र फाराम बुझिलिइनेछ ।

४. आन्तरीक मूल्यांकन परीक्षामा अनुतीर्ण परीक्षार्थीहरु अन्तिम परीक्षामा सम्मिलित हुन पाउने छैनन् । परीक्षार्थीहरुको प्राप्ताङ्क परीक्षा आवेदन फाराममा सम्बन्धित संकायले अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ ।

५. प्रवेश पत्र **(Admit Card)** परीक्षा शुरु हुन २ (दुई) दिन अगावै सम्बन्धित संकाय/कलेजबाट उपलब्ध हुनेछ ।

६. अन्य विस्तृत जानकारीको लागि परीक्षा नियन्त्रण कार्यालय, रामपुर, चितवनमा संम्पर्क राख्नु होला ।

७. परीक्षाको समय तालिका पछि प्रकाशित गरिनेछ र साथै कृषि तथा वन विज्ञान विश्वविद्यालयको **Website : www.afu.edu.np** वाट पनि हेर्न सकिनेछ ।

...............................

प्रा.डा. शुनिला राई
परीक्षा नियन्त्रक
परीक्षा नियन्त्रक